# महाकाली नगरपालिकाको करार नगर प्रहरी व्यवस्थापन कार्यविधि २०७९ (पहिलो संशोधन २०७९ सहित)

कार्यपालिकाबाट पारित मितिः २०७९।१०।०५

प्रमाणिकरण मितिः २०७९।१०।०६

पहिलो संशोधन २०७९।१०।१७

महाकाली नगरपालिका खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्तावनाः** नगरपालिकाको निर्णय प्रभावकारी कार्यान्वयन गर्न, नगर क्षेत्र भित्रका सार्वजनिक सम्पत्तिको सुरक्षा व्यवस्था गर्न एवं पार्किङ्ग व्यवस्थापन एवं परिचालन गरि सुशासन तथा व्यवस्थापन गर्न नेपालको संविधानको धारा २१४ को उपधारा (२) संग सम्बन्धित संविधानको अनुसूची-८ बमोजिम प्राप्त अधिकारको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउन बाञ्छनिय भएकोले,
महाकाली नगरपालिकाको नगर प्रहरी ऐन, २०७९, को दफा ४२ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी महाकाली नगर कार्यपालिकाको मिति २०७९/१०/०५ को बैठकले यो नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ स्वीकृत गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नामः महाकाली नगरपालिकाको करार नगर प्रहरी व्यवस्थापन कार्यविधि २०७९ (पहिलो संशोधन २०७९) रहेको छ ।

ख. यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. ऐनः भन्नाले महाकाली नगरपालिकाको नगर प्रहरी ऐन, २०७९ लाई सम्झनुपर्दछ ।

ख. नगरपालिकाः भन्नाले महाकाली नगरपालिकालाई सम्झनुपर्दछ ।

ग. नगर प्रहरीः भन्नाले महाकाली नगरपालिकावाट करारमा सेवा लिई कामकाज गर्न खटिएको जनशक्तिलाई सम्झनुपर्दछ ।

घ. आर्थिक वर्षः भन्नाले श्रावण १ गतेवाट शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

ङ. प्रमुख प्रशासकीय अधिकृतः भन्नाले महाकाली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

च. जवानः भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवानलाई सम्झनुपर्दछ ।

छ. नगर प्रहरीः भन्नाले नगर प्रहरी सहायक निरिक्षक, हवल्दार र जवान समेत सम्झनुपर्दछ ।

**३. कार्यविधिको व्याख्या नगरपालिकाले गर्ने :**

यस कार्यविधिको व्याख्या नगरपालिकाले गर्नेछ । यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरीलाई मर्का परेमा निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ । यसरी परेको निवेदन उपर आफैले गर्नुपर्ने भएमा तीन दिनभित्र कारवाही किनारा गर्नुपर्नेछ । पेश गर्नु परेमा तीन दिन भित्र नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद–२
## नगर प्रहरी सेवा संचालन, रेखदेख र नियन्त्रण

**४) नगर प्रहरी सेवा :**

नगरपालिकामा नगर प्रहरीको सेवाका विभिन्न पदहरु करारमा लिईने छ । ति पदहरुमा नगर प्रहरी जनशक्तिको संख्या नगर सभाले तोके बमोजिम हुनेछ ।

**५) नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :**

क) नगरपालिकामा नगर सभाले तोकेको नगर प्रहरीको पद र तह रहने छन ।

ख) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य र अधिकार यसै कार्यविधि र कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

## परिच्छेद–३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**६) नगर प्रहरी जनशक्तिको काम, कर्तव्य र अधिकार :**

१) नगर क्षेत्रभित्र सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएका अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउँदा लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असुल उपर गर्न पेश गर्ने ।

२) नगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समयमा र स्थानमा राख्न लगाउने । सो वमोजिम नगर्ने वा सार्वजनिक स्थानमा जथाभावी फोहोर गर्नेलाई प्रथम पटकको लागि ५०० जरिवाना गर्ने, पुनः भेटिएमा पटकै पिच्छे १००० रुपया जरिवाना गर्ने ।

३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्ता अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले मिचेको छ छैन निरिक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी सम्बन्धित वडा कार्यालय, भुमि व्यवस्थापन शाखा तथा नगर प्रहरी संचालन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । नगर प्रमुखबाट भत्काउने आदेश भए बमोजिम भत्काउन लगाई लागेको खर्च असुल उपर गर्ने ।

४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाणपत्र सहितको प्रतिवेदन भुमि व्यबस्थापन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको पाइएमा अधिकार प्राप्त अधिकारी वा पदाधिकारीवाट भत्काउने आदेश लिई भत्काउने ।

५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने । लिलाम हुन नसकेका छाडा पशु कान्जिहाउसमा व्यवस्थापन गर्ने, गराउने । त्यस्ता पशु सार्वजनिक स्थानमा छोडीजानेलाई पक्राउ गरी रु ५,०००/- (रुपैया पाँच हजार) जरिवाना गर्ने र सो को अभिलेख राख्ने । पटकेको रुपमा परेकालाई दोब्बर जरिवाना गरी पेश गर्ने ।

६) स्वास्थ्यका लागि हानिकारक भैसकेका तथा सडेगलेका खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको प्रमाणित भएमा पहिलो पटक भए रु. २०००/- (दुईं हजार) जरिवाना गराई सामान जफत गरी गाड्न लगाउने । पटकैपिच्छे यस्ता कार्य दोहोरिएमा पटकैपिच्छे रु. ५,०००/- (पाँच हजार) जरिवाना गराई पसल सिलबन्दी समेत गरी कानूनी कारवाहीका लागी राय साथ पेश गर्ने ।
यसरी कारवाही गर्दा माछामासु, तरकारी, दुग्ध जन्य पदार्थ, पिउने पानी तथा खाद्य पदार्थमा अखाद्य वा अस्वस्थ वा हानीकारक पदार्थ मिसावट भएकोमा कारवाहीका लागि स्थानीय प्रशासनको सहयोगमा किनारा लगाउन नगर प्रहरी संचालन शाखामा पेश गर्ने, शाखाले खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागमा बुझाई कारबाही किनारा लगाउनुपर्ने भए प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने ।

७) वजार अनुगमन गर्दा रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी जीवजन्तुहरुको काटमार गर्न नदिने र त्यस्तो गरे/गराईएको पाइएमा त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा पसल सिलबन्दी गरी संचालक वा व्यबस्थापक सहित शाखामा

पेश गर्ने वा जफत गरी नष्ट गर्ने । शाखाबाट प्रक्रिया अघि बढाई रु ५,०००/- (पाँच हजार) जरिवाना समेत असुल गर्ने र कानून बमोजिम कारवाहीको लागी अन्यत्र पठाउने प्रकृतिको कार्य भएको भए प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने ।

८) छाडा कुकुर नियन्त्रण सम्बन्धि कारवाही गर्ने । मरेको जीवजन्तु समयमै गाड्न लगाउने । छाडा कुकुरको कारण दुर्घटना बढ्नुका साथै रेविज जस्ता घातक रोग समेत फैलने भएकाले समुदायको सहयोगमा ब्यबस्थापन गर्न पशुपंछी विकास शाखाको समन्वयमा कारवाही गर्ने ।

९) साँध सीमानामा बाधा पुऱ्याउने, सार्वजनिक सम्पत्तिको उपयोगमा बाधा पुऱ्याउने खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र प्रमुखको निर्देशनवाट भत्काई सो कार्यमा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरी विवरण सहित शाखामा दाखिला गर्ने ।

१०) वडा कार्यालय, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसंगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११) नगरपालिकाको चल अचल सम्पति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने र सुव्यवस्था कायम राख्ने ।

१२) नगरपालिकाको न्यायिक समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

१३) स्थानीयस्तरमा परम्परादेखि चल्दै आएका चाडपर्व, जात्रा, मेला आदिको सुरक्षा र व्यवस्थापनमा सहयोग गर्ने ।

१४) ईजाजत बिना पेशा व्यवसाय गरेको फेला परेमा उक्त पेशा ब्यवसाय दर्ता/नवीकरण गर्न लगाउने।

१५) नगरपालिकाको क्षेत्रमा भित्तेलेखन, पोलव्यानर, क्रसव्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतः प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई ५,०००/- (पाँच हजार) जरिवाना सहित कारवाहीका लागि पेश गर्ने ।

१६) विना ईजाजत व्यानर, होर्डिङ्गबोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने, नमानेमा त्यस्ता सामाग्री हटाई प्रति ईकाइ रु ५,०००/- (रुपैयाँ पाँच हजार ) जरिवाना गर्ने ।

१७) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट निर्देशन भए बमोजिम सहभागी हुने ।

१८) नापतौलका सामाग्रीको चेक जाँच गर्नुपर्ने भएमा कानून वमोजिम गठित निकायमा जानकारी गराउने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक जाँच गर्ने कार्यमा शाखालाई प्रतिवेदन गरी शाखाबाट कार्यवाही अगाडी बढाउन परिचालन गरे बमोजिम खटिई जाने ।

१९) होटल, रेष्टुरेन्ट, गेष्टहाउस, मसाजपार्लर जस्ता गतिविधिहरुको निरिक्षण गर्ने निधारित मापदण्ड अनुरुप चलेको नपाईएमा कारवाहीका लागी पेश गर्ने ।

२०) नगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थानमा विना अनुमति संचालन हुने जादु, सर्कस, जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

२१) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्ता व्यापारीहरुको लगत राख्ने ।

२२) अरुलाई वाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गरी ध्वनी प्रदुषण गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

२३) शहरमा ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै प्रदुषणको कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने । यस कार्यविधि र नगरपालिकाको निर्देशनको बर्खिलाप गरी कसैले ध्वनी प्रदुषण गरेमा प्रथम पटक सम्झाई बुझाई गर्ने ।

नमानेमा सामान जफत गरी रु ३,०००/- (रुपैया तीन हजार ) जरिवाना गर्ने । उल्लंघन गरेमा पटकै पिच्छे रु ५,०००/- (रुपैया पाँच हजार) जरिवाना गर्ने ।

२४) नगरपालिका क्षेत्रभित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सुची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२५) नगरपालिकाबाट संचालन भएको भए वा हुने दमकल ९ँष्चभ द्यचष्नबमभ० सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

२६) विपत माहामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने । विपदको समयमा विपद दस्ताको रुपमा काम गर्ने

२७) नगरपालिका वडा मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अर्न्तगत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२८) नगरपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समयभित्र उपलब्ध गराउने ।

२९) अनाधिकृत क्षेत्रमा पार्किङ्ग गर्न नदिने, गरेमा ट्राफिक प्रहरी समेतको सहयोगमा व्यवस्थापन गरी रु ५००/- (रुपैंया पाँच सय) जरिवाना समेत गराउने । सवारी साधन (मोटर साइकल, साइकल, ठेला आदी) उठाई ल्याउनुपर्ने अवस्था भएमा नगरपालिकामा ल्याउने र सो वापत रु १,०००/- (रुपैंया एक हजार) जरिवाना समेत गराई साधन बुझाईदिने । उठाइल्याउन नसकिने ठुला साधनका हकमा व्हील लक गरी राख्ने, व्हील गरेको समयदेखि प्रति घण्टा रु. ५००/- (रुपैंया पाँच सय ) जरिवाना गरि पेश गर्ने ।

३०) सडक तथा सडकको क्षेत्राअधिकार भित्र वा कुनै सार्बजनिक स्थानमा निर्माण सामाग्री राखि त्यस्तो सडकको दुरावस्था बनाउने वा आवागमनमा अवरोध गर्नेलाई तत्काल सामाग्री हटाउन लगाई रु ५,०००/-(पाँच हजार) जरिवाना समेत गर्ने । सामाग्री हटाउन अटेर गरि आलटाल गरेमा सो सामाग्री हटाउने र सो कार्य गर्दा लागेको खर्च र जरिवाना रु. ५,०००/- (पाँच हजार) समेत निजबाट असुल उपर गर्ने ।

३१. स्थानीय बजार व्यवस्थापन गर्ने गराउने : सडक तथा सडक पेटी एवम् सडकको क्षेत्राधिकार भित्र कुनै पसल व्यवसाय संचालन गर्न नदिने । हटाउन लगाउँदा समेत अटेर गरेमा त्यस्ता सामाग्री उठाई नगर प्रहरीको नियन्त्रणमा राखी सोको विवरण नगर प्रहरी संचालन शाखामा बुझाउने । सम्बन्धित व्यक्तिले तीन दिन भित्र आफ्नो सामाग्री लिन आएमा रु ३,०००/- ( रुपैंया तिन हजार) जरिवाना गरी सामाग्री बुझाउने । तिन दिन पुरा भएपछि पनि सम्पर्क राख्न नआएमा सुचना पाटी र वेवसाईटमा तीन दिनको सुचना दिई छोटो प्रक्रियाद्धारा लिलाम गरि प्राप्त भएको आम्दानी नगरपालिकाको खातामा जम्मा गर्ने । सडेर कुहेर जाने सामाग्री तत्काल उचित स्थानमा गाड्ने वा लिलाम गर्ने गराउने कार्यको लागि नगर प्रहरी संचालन शाखामा विवरण सहित व्यवस्थापन गर्न सहजिकरण गर्ने।

३२) कारवाहीका सिलसिलामा कसैलाई हिरासतमा राख्नुपर्ने भएमा नगर प्रहरी संचालन शाखाबाट प्रकृया पुऱ्याई प्रहरी कार्यालयमा बुझाउनुपर्ने वा तारेखमा राख्नु पर्ने भए नगर प्रहरी संचालन गर्ने शाखाबाट व्यहोरा खोली प्रशासन महाशाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने, सो सम्बन्धमा प्रमुखबाट निर्णय भए बमोजिम गर्ने ।

३३) उल्लेखित कार्यमा चित्त नबुझी पुनरावेदन गर्नु परेमा सम्वन्धित पक्षले प्रमुख समक्ष तीन दिन भित्र निवेदन दिनुपर्ने छ र सो को सात दिन भित्र प्रमुखले निर्णय दिनुपर्ने छ ।

(३४) नगरपालिकाभित्र नागरिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षण तथा सुशासन प्रवर्धनमा सहयोग पुऱ्याउने,

(३५) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसंग सम्बन्धित आवश्यक सूचना सकलन, विश्लषेण र मूल्याङ्कन गरी अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्ने

३६) विपद प्रतिकार्य योजना तर्जुमा, विपद पूर्व तयारी लगातयका कार्य गर्ने
३७) नगर प्रहरी ऐनले तोकेको तथा नगरपालिकाबाट समय समयमा तोकिएका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–४
## तह विभाजन र पदपुर्ति

☞**७) नगर प्रहरी सेवाको गठन :** नगरपालिकामा एक नगर प्रहरी सेवा रहने र यसको संगठन संरचना नगरसभाले निर्धारण गरे वमोजिम तपसिल अनुसार हुनेछ ।

क) नगर प्रहरी असई .............. सहायक स्तर चौथो.............१

ख) प्रहरी हवल्दार .....................सहायक तेस्रो तह ..............२

ग) प्रहरी जवान ........... .........श्रेणी विहिन .....................१०

☞**८) करारमा छनौट विधि**

क) नगर प्रहरीको सबै पदहरुमा छनौट विधि अंकभार अनुसूची–२ बमोजिम हुनेछ ।
ख) छानौट हुने पदको लागि आवश्यक पाठ्यक्रम अनुसूची–३ बमोजिम हुनेछ ।
ग) छनौट सम्बन्धी सूचना अनुसूची–४ को ढाँचा बमोजिम हनेछ ।
घ) नगर प्रहरी कर्मचारी नियुक्तिको ढाँचा अनुसूची–५ बमोजिम हुनेछ ।

☞**९) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति :**

क) नगरपालिकाको स्वीकृत दरबन्दी अनुरुप नगर प्रहरी कर्मचारीहरुको स्थायी पदपूर्ति नहुन्जेल सम्मका लागि करार सेवावाट तपसिल अनुसार खुल्ला पदपूर्ति गरिनेछ ।

| सि.नं. | पद | खुला | महिला | कुल |
|---|---|---|---|---|
| १ | प्र.स.निरीक्षक | १ | ० | १ |
| २ | प्र.हवलदार | २ | ० | २ |
| ३ | प्र.जवान | ७ | ३ | १० |

☞**१०) नगरप्रहरी सेवाका उम्मेदवारको योग्यता :** नगर प्रहरीको कुनैपनि पदको प्रतिस्पर्धामा भाग लिन निम्न योग्यता हुन वान्छनीय छ ।

**(क) नगर प्रहरी सहायक निरीक्षकको लागिः**

- नेपाली नागरिक
- महाकाली नगरपालिकाको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता वा सो सरह उत्तीर्ण गरेको (यो व्यवस्था नेपाल सकारको प्रहरी/सेना/सशस्त्रबाट तोकिएको पदमा अवकास प्राप्त गरेको व्यक्तिको हकमा लागू हुने छैन)
- नेपाली सेना, सशस्त्र प्रहरी वा जनपद प्रहरीको हवल्दार वा सहायक निरीक्षक पदबाट अवकास भई ४८ वर्ष ननाघेको हुनुपर्ने ।
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

**(ख) नगर प्रहरी हवल्दार लागिः**

- नेपाली नागरिक

- महाकाली नगरपालिकाको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ ।
- एसईई वा सो सरह उत्तीर्ण गरेको (यो व्यवस्था सम्बन्धित पदमा नेपाल सरकारको प्रहरी/सेना/सशस्त्रबाट अवकास प्राप्त व्यक्तिको हकमा लागू हुने छैन)
- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएका

**(ख) नगर प्रहरी जवानका लागिः**

- नेपाली नागरिक
- महाकाली नगरपालिकाको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ ।
- आठ कक्षा उत्तीर्ण गरेका
- १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएका

**११) पदपूर्ति समिति :**

नगर प्रहरी कर्मचारी आवश्यक परेमा सुचना प्रकाशित गर्ने, लिखित एवं मौखिक परिक्षा लिई आवश्यक सिफारिस गर्न कार्यको प्रयोजनको लागी देहाय वमोजिमको पदपूर्ति समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत : संयोजक
ख) प्रमुखले तोकेको विज्ञ : सदस्य
ग) प्रशासन शाखाको कर्मचारी : सदस्य सचिव
घ) समितिले आवश्यकता अनुसार अन्य विज्ञ, कर्मचारीलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

**१२) करार गर्ने :**

क) पदपूर्ति समितिले न्यूनतम योग्यता प्राप्त गरेका उम्मेदवारहरुको नामावली स्वीकृत गरी प्रकाशन गर्नेछ ।
ख) दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको शारीरिक अभ्यास हुनेछ ।
ग) साररीक अभ्यासमा उत्तीण उम्मेद्धार हरुको लिखित परीक्षा र अन्तरवार्ता परीक्षा हुनेछ ।
घ) लिखित परीक्षा र अन्तरवार्तामा सफल उम्मेद्धारलाई करार सेवामा नियुक्त गरिनेछ । उल्लिखित बमोजिम चयन भएका उम्मेदवारहरु ७ दिनभित्र करार गर्न सम्पर्कमा नआएमा वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ । उक्त करार अनुसूची–५ बमोजिमको ढाँचामा हुनेछ।
घ) यसरी करारमा नियुक्त नगर प्रहरी कर्मचारीले करारको निरन्तरता नचाहेमा कम्तीमा २ महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

**१३) सुचिकृत भएका उम्मेदवारहरुको शारिरीक अभ्यास :**

क) सुचिकृत भएका उम्मेदवारहरुको शारिरीक अभ्यासका लागि कम्तिमा ७ दिनको सूचना दिइनेछ।

ख) शारिरीक अभ्यास गराउने कार्यका लागि नगर कार्यपालिकाको कार्यालयले जिल्ला प्रहरी कार्यालय वा सशस्त्र प्रहरी कार्यालयलाई अनुरोध गर्न सक्नेछ ।

ग) शारिरीक अभ्यासमा सफल भई सिफारिस भएका उम्मेदवारहरु उपलब्ध भएसम्म चाहिने संख्या भन्दा कम्तिमा २५ प्रतिशत थप उम्मेदवारहरुलाई लिखित परीक्षा र अर्न्तवार्तामा सामेल गराउनु पर्नेछ ।

घ) लिखित र अर्न्तवार्ता समेतवाट उत्तिर्ण भएका उम्मेदवारहरुलाई करार संझौता गरिसकेपछि नगर प्रहरीलाई जिल्ला प्रहरी वा सशस्त्र प्रहरी कार्यालय मार्फत आवश्यक आधारभूत तालिम दिन सकिनेछ। यस्तो तालिममा अनिवार्य सहभागी हुनु नगर प्रहरीको दायित्व हुनेछ । तालिममा सहभागी नहुने नगर प्रहरी कर्मचारीसँगको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

ङ) आर्थिक वर्षको श्रावण १ देखि अर्को वर्षको असार सम्मको लागी मात्र करार गर्नुपर्नेछ । करार अवधि समाप्त भएपछि सेवा सन्तोषजनक भएमा आपसी सहमतिमा म्याद थप गर्न सकिनेछ तर स्वतः म्याद थप भने हुनेछैन ।

**१४) करार समाप्ती:** यस कार्यविधि वमोजिम करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि प्रमुख प्रशासकीय अधिकृतले सिफारिस गरेमा नगर प्रमुखले आवश्यक छानबीन गर्न लगाई मुनासिव सर्फाईको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारवाट हटाउन सक्नेछ ।

## परिच्छेद–५

## विदा र तालिम

**१५) नगर प्रहरी जनशक्तिले निम्न अनुसारको बिदा पाउनेछ :**

१. भैपरी आउने र पर्व विदा मात्र उपलब्ध हुनेछ

२. विदा नलिई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउन सकिनेछ ।

३. यस कार्यविधि वमोजिम विदा नलिई नगर प्रहरी जनशक्ति गैर हाजिर हुन पाउने छैन । बिना कुनै जानकारी विदा वसी कार्यालयको काममा बाधा उत्पन्न भएमा कार्यालयले निजसंगको सम्झौता तोड्न सक्नेछ ।

४. भैपरी/पर्वविदा : १) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नवढाई भैपरी/पर्व विदा पाउनेछन् ।

५. भैपरी/पर्व विदा सामान्यत : एक पटकमा २ दिनमा नवढाई लिन पाइनेछ ।

६. भैपरी आउने/पर्व विदा एक सालको अर्को सालमा लिन पाइनेछैन् ।

७. प्रहरी इन्चार्ज प्रमुख प्रशासकीय अधिकृत समक्ष र अन्य जनशक्तिले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको अधिकृत समक्ष निवेदन पेश गरि स्वीकृती नलिई विदा वस्न पाईने छैन् ।

८. भैपरी/पर्व विदा शनिवार बाहेक अरु दिनका विदाहरुसंग मिलाई लिन पाइने छैन् ।

## परिच्छेद–६

## आचरण

**१६) दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनैपनि प्रकारको असर पर्नसक्ने गरि कुनैपनि नगर प्रहरी र निजका परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृती विना स्वदेशी वा

विदेशी संघसंस्था निकाय वा व्यक्ति कसैवाट कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली र उपहार चन्दा स्वीकार गर्नु हुँदैन् ।

१७) **चन्दा लिन नहुने :** कुनै नगर प्रहरीले नगरपालिकाको पूर्व स्वीकृती विना कुनैपनि कामको निम्ति कुनै पनि किसिमको चन्दा माग्न वा स्वीकार गर्न हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने कार्यमा समेत भाग लिनु हुँदैन ।

१८) **व्यापार व्यवसाय गर्न नहुनेः** कुनैपनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती बेगर देहायका कार्यहरु गर्न हुँदैन :

क) कुनै व्यापार गर्न

ख) कुनै फर्मको हिस्सेदार वा संचालक हुन र

ग) कुनै व्यवसाय चलाउन

१९) **नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :**

नगर प्रहरीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा नगरपालिका वा गैह्र सरकारी संघसंस्थावाट प्राप्त गरेको संख्या : वा आफैंले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपवाट अरु अनधिकृत प्रहरी कर्मचारीलाई वा गैह्र सरकारी व्यक्तिलाई वा कुनैपनि सञ्चार माध्यमलाई जानकारी दिनु हुँदैन् ।

२०) **रेडियो, अनलाईन, टिभी वा पत्रपत्रिकासँग सम्पर्क राख्न नहुने :**

नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै रेडियो, अनलाईन, टिभी, सामाजिक सञ्जाल वा पत्रपत्रिकामा आफु नै वास्तविक अथवा काल्पनिक नामवाट अथवा बेनामी कुनै लेख प्रकाशन वा प्रशारण गर्नु हुँदैन् ।

२१) **नगरपालिकाको आलोचना :** नगरप्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको विरुद्ध असर पर्ने गरि अथवा नगरपालिका र नगरवासीमा खलल पुग्ने गरि भाषण, सम्वाद, लेख रचना प्रकाशन, प्रसारण वा सम्प्रेषण वा सामाजिक सञ्जान प्रयोग गर्नु हुदैन ।

२२) **राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक दललाई सहायताको निम्ति चन्दा दिन अथवा कुनै राजनीतिक दल वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

२३) **समयको परिपालना र नियमितता :**

नगर प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रुपमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले नै विदा नलिई काममा अनुपस्थित हुनुहुँदैन् ।

२४) **अनुशासन र आज्ञापालन :**

१. नगर प्रहरीले आफ्नो कर्तव्य तत्परताका साथ गर्नुपर्दछ ।

२. नगर प्रहरीले आफ्नो कार्यालयको काम सम्वन्धि कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकताका साथ पालना गर्नुपर्दछ ।

३. नगर प्रहरीको कार्यमा खटिएका जनशक्तिले आफ्नो नोकरी सम्बन्धि कुरामा आफुभन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्ने काम गर्नु हुँदैन ।

४. नगर प्रहरी जनशक्तिले बाहिरी प्रभाव पार्न हुँदैन ।
५. प्रचलित कानून विपरित हुने गरि कुनैपनि कार्य गर्न गराउन पाईदैन ।

## परिच्छेद–७

## सजाय

**२५) सजाय :** कुनै पनि नगर प्रहरी कर्मचारीलाई उचित र पर्याप्त कारवाही गर्ने आधार कारण भएमा निम्नानुसार सजाय गर्न सकिनेछ ।

१) सन्तोषजनक काम नगरेमा,
२) अनुशासनहीन कार्य गरेमा,
३) आचारण सम्बन्धि व्यवस्था उल्लंघन गरेमा,
४) दिएका आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,
५) मनासिब कारण वेगर वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा,
६) लापरवाही गरेमा वा आदेशको पालना नगरेमा,

उपदफा (१) देखि (६) सम्मका कार्यहरु भए गरेको प्रमाणित भएमा नगर प्रहरी कर्मचारीलाई निम्न बमोजिम सजाय हुनसक्नेछ :

क) चेतावनी दिने, स्पष्टिकरण सोध्ने,
ख) नसिहत दिने,
ग) सम्झौता रद्द गर्ने,
घ) लापरवाही गरि नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएमा नोक्सानी भएको पुरै वा आंशिक रुपमा तलव भत्तावाट कट्टी गरि वा अपुग भएमा घर घरानाबाट समेत असुल उपर गर्ने ।

**२६) नोकरीवाट हटाउने वा बर्खास्त गर्ने :**

१) कुनै प्रहरी जनशक्तिले करार सेवामा उल्लेखित दायित्व पुरा गर्न नसकेकोमा,
२) राजनीतिमा भाग लिएमा,
३) पटक पटक अनुशासनहीन कार्य गरेमा,
४) नैतिक पतन देखिने फौजदारी अभियोगको कार्य गरेमा,
५) डिउटीमा भएको अवस्था वा नरहेको अवस्थामा बर्दिको पोशाक लगाइ मादक पदार्थ सेवन गरि हिंडेमा वा जथाभावी गरेमा,
६) कार्यालय वा अधिकार प्राप्त अधिकारीको निर्देशन पालना नगरेमा वा उल्लंघन गरेमा,
७) भ्रष्टाचारजन्य कार्य गरेमा,
८) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,
९) आचरण सम्बन्धि नियमहरु बारम्वार उल्लंघन गरेमा,
१०) मनासिव कारण नभई वा विदाको पूर्व स्वीकृति बेगर विदा बसेमा ।

**२७) सजाय सम्बन्धि कार्यविधि :** १) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

२) माथिका उपदफाहरुमा जे लेखिएको भएपनि सजाय दिनुअघि कारवाही गर्न लागेको सुचना र हुनसक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

## परिच्छेद–८

## तलब, पोशाक तथा अन्य सुविधा

२८) **तलब भत्ता सम्बन्धि व्यवस्था :** १) नगरपालिकामा करार सेवामा नियुक्त हुने नगर प्रहरी कर्मचारीको तलव भत्ता नगर कार्यपालिकाले निर्धारण गरे अनुसार हुनेछ ।

२) माथि उपदफा (१) बमोजिम बाहेक नगर प्रहरीलाई आवश्यक राशन र अन्य सुविधाको व्यवस्था नगर कार्यपालिकाले निर्णय गरि निर्धारण गरि करार सम्झौतामा उल्लेख गरिए अनुसार सुविधा उपलब्ध गराइनेछ ।

२९) नगर प्रहरी कर्मचारीलाई अनुसूची १ मा तोकिए बमोजमको पोशाक उपलब्ध गराइनेछ । प्रत्येक नगर प्रहरी कर्मचारीलाई प्रत्येक बर्ष एक सेट पोशाक उपलब्ध गराइनेछ । तर नयाँ नियुक्ति हुँदाको हकमा भने दुई सेट पोशाक उपलब्ध गराइनेछ ।

३०) अनूसुची–१ मा उल्लेखित सामानहरु प्रत्येक नगर प्रहरी कर्मचारीलाई दुई वर्षमा उपलब्ध गराइनेछ ।

३१) नगर प्रहरी कर्मचारीहरुलाई निजहरुले मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको शिलशिलामा फाटी गएमा सो को मूल्याँकन गरि उपलव्ध गराइनेछ ।

## परिच्छेद–९
## विविध

**३२) दर्ज्यानी चिन्ह :** नगर प्रहरीको दर्ज्यानी चिन्ह नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३३) रासन :** नगर प्रहरीलाई नगरकार्यपालिकाले तोके बमोजिमको रासन उपलब्ध हुनेछ ।

**३४) तलव भत्ता :** नगर प्रहरीको तलब भत्ता र सुविधा कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**३५.संशोधनः** यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूची–१

| क्र.सं. | विवरण | थान | रंग |
|---|---|---|---|
| १. | सर्ट | १ | हल्का कफि |
| २. | पाइन्ट | १ | हल्का कफि |
| ३. | स्वीटर | १ | हल्का कफि |
| ४. | जुत्ता (वुट) | १ जोर | कालो |
| ५. | वेल्ट | १ | |
| ६. | क्याप | १ | |
| ७. | डोरी सहितको सिट्ठी | १ | रातो धागोको डोरी |
| ८. | जाकेट | १ | |
| ९. | मोजा | १ | |

✍अनुसूची–२
दफा ८ को (क) सँग सम्बन्धित
करार नगर प्रहरी छनौट विधि र अङ्कभार

१. **छनौटका चरणहरु**

| परीक्षाको चरणहरु | प्रहरी जवान | प्रहरी हवल्दार | प्रहरी सहायक नीरीक्षक |
|---|---|---|---|
| स्वीकृत नाम प्रकाशन | विज्ञापनको म्याद समाप्त भएको ७ दिनभित्र | विज्ञापनको म्याद समाप्त भएको ७ दिनभित्र | विज्ञापनको म्याद समाप्त भएको ७ दिनभित्र |
| संक्षिप्त सूची प्रकाशन *(माग पद संख्याको १ जना बराबर बढीमा ५ जना सम्म संक्षिष्त सूची प्रकाशन गर्न सकिनेछ ।)* | - | - | - नामावली स्वीकृत भएको ७ दिनभित्र<br>**अंक विभाजन**<br>- म.न.पा. स्थानीय वाफत १०<br>दार्चुला जिल्लाको बासिन्दा ५<br>- तोकिएको पदको अनुभव ५ वर्ष भन्दा बढी २०<br>- तोकिएको पदको अनुभव ५ वर्ष भन्दा कम १०<br>- वेसिक तालिम बाहेक कम्तिमा १ महिना अवधिको सुरक्षा सम्बन्धी कुनै तालिम (कमान्डो तालिम, सुरक्षा तालिम लिएको भए तालिम वाफत १०<br>- २ पाङग्रे सवारी चालक अनुमति पत्र प्राप्त १० |
| प्रारम्भिक स्वास्थ्य परीक्षण | - आधारभूत स्वास्थय परीक्षण कार्यालयले तोकेको स्थान र समयमा | - आधारभूत स्वास्थय परीक्षण कार्यालयले तोकेको स्थान र समयमा | - आधारभूत स्वास्थय परीक्षण कार्यालयले तोकेको स्थान र समयमा |
| शारीरिक तन्दुरुस्ती | - कुल ५० अंकको | - कुल ५० अंकको | - नेपाल सरकारको सुरक्षा निकायमा शाररिक अभ्या गरी छनौट भइ सकेकोले यो चरण को परीक्षण नहुने । |
| लिखित परीक्षा | - कुल ५० अंकको | - कुल ५० अंकको | - नेपाल सरकारको सुरक्षा निकायमा लिखित परीक्षा उत्तीर्ण गरिसकेको हुने हुदाँ यो चरणको परीक्षा संचालन नहुने । |
| अन्तर्वार्ता | - ३० अंकको | - ३० अंकको | - ३० अंकको |
| स्थानीय वाफतको अंक | - महाकाली वासीलाई १०<br>- दार्चुला बासीलाई ५ | - महाकाली बासीलाई १०<br>- दार्चुला बासीलाई ५ | - |

अनुसूची-३
महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

**नगर प्रहरी जवान पदको पाठ्यक्रम**

परीक्षाको किसिम

| क.सं. | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | | शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा | ५० | २० |
| २ | दोस्रो चरण | लिखित परीक्षा | ५० | २० |
| ३ | तेस्रो चरण | अन्तरवार्ता | ३० | - |

**१) प्रथम चरण:**

**क) प्रारम्भिक स्वास्थ्य परीक्षण:**

परीक्षामा अयोग्य हुने अवस्थाहरु,

१) आँखा + २ वा -२ भन्दा बढी कमजोर भएमा,
२) रगत परीक्षण (मधुमेह)
३) उचाई पुरुषको हकमा ५ फिट २ इन्च र महिलाको हकमा ५ फिट भन्दा कम भएमा,
४) पुरुषको हकमा छाती ३१.३३ इन्च भन्दा कम भएमा,
५) तौल पुरुषको हकमा ५० के.जि. र महिलाको हकमा ४२ के.जि. भन्दा कम भएमा,
६) बाह्य शारीरिक परीक्षण (अस्वभाविक शारीरिक बनावट भएमा)

**ख ) शारीरिक तन्दुरुस्ती परीक्षा**

**१००० मिटर दौड**

| **क.सं.** | **पुरुषको लागि समयावधि** | **पुरुष/महिला अंक** | **महिलाको लागि समयावधि** |
|---|---|---|---|
| १ | १५० सेकेण्ड वा सो भन्दा कम | २०.०० | १८३ सेकेण्ड वा सो भन्दा कम |
| २ | १५६ सेकेण्ड सम्म | १८.०० | १९० सेकेण्ड सम्म |
| ३ | १६३ सेकेण्ड सम्म | १६.०० | १९७ सेकेण्ड सम्म |
| ४ | १७० सेकेण्ड सम्म | १४.०० | २०४ सेकेण्ड सम्म |
| ५ | १७७ सेकेण्ड सम्म | १२.०० | २१० सेकेण्ड सम्म |
| ६ | १८० सेकेण्ड सम्म | १०.०० | २१७ सेकेण्ड सम्म |
| ७ | १८६ सेकेण्ड सम्म | ८.०० | २२४ सेकेण्ड सम्म |
| ८ | १८६ सेकेण्ड भन्दा बढी | अनुत्तीर्ण | २२४ सेकेण्ड भन्दा बढी |

**पुसअप**

| क.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १०.०० | १४ पटटक वा सो भन्दा माथि |
| २ | १७ पटक सम्म | ८.०० | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ६.०० | ८ पटक सम्म |
| ४ | १० पटक सम्म | ४.०० | ४ पटक सम्म |
| ५ | १० पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ४ पटक सम्म पनि गर्न नसक्ने |

**चिन अप/ पुल अप**

| क.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | ५.०० | ३ पटक वा सो भन्दा माथि |
| २ | १० पटक सम्म | ४.०० | २ पटक सम्म |
| ३ | ८ पटक सम्म | ३.०० | १ पटक सम्म |
| ४ | ५ पटक सम्म | २.०० | ३० सेकेण्ड सम्म झुण्डिन सक्ने |
| ५ | ५ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ३० सेकेण्ड सम्म झुण्डिन नसक्ने |

**सिट अप**

| क.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | ५.०० | १५ पटटक वा सो भन्दा माथि |
| २ | १८ पटक सम्म | ४.०० | ११ पटक सम्म |
| ३ | १५ पटक सम्म | ३.०० | ८ पटक सम्म |
| ४ | १२ पटक सम्म | २.०० | ५ पटक सम्म |
| ५ | १२ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ५ पटक सम्म पनि गर्न नसक्ने |

**लङ जम्पः**

| क.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | १५ फिट वा सो भन्दा माथि | ५.०० | १२ फिट वा सो भन्दा माथि |
| २ | १४ फिट सम्म | ४.०० | ११ फिट सम्म |
| ३ | १३ फिट सम्म | ३.०० | १० फिट सम्म |
| ४ | १२ फिट सम्म | २.०० | ९फिट सम्म |
| ५ | ११ फिट सम्म | १.०० | ८ फिट सम्म |
| ६ | ११ फिट सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ८ फिट सम्म पनि गर्न नसक्ने |
| ३ तिन पटक सम्म प्रयास गर्न पाउने | | | |

**हाई जम्प**

| क.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | ४.५ फिट वा सो भन्दा माथि | ५.०० | ३.५ फिट |
| २ | ४.० फिट सम्म | ४.०० | ३.० फिट सम्म |
| ३ | ३.५ फिट सम्म | ३.०० | २.५ फिट सम्म |
| ४ | ३.० फिट सम्म | २.०० | २.० फिट सम्म |
| ५ | ३.० फिट सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | २.० फिट सम्म पनि गर्न नसक्ने |
| ३ तिन पटक सम्म प्रयास गर्न पाउने | | | |

नोटः कुनै पनि एक ईभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारहरुलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन ।

## २. दोस्रो चरणः

**लिखित परीक्षाको योजनाः**

| खण्ड | विषय | अंकभार | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | पत्र संख्या र अंकभार | समय |
|---|---|---|---|---|---|---|---|
| क | नेपाली | ५ | १०० | ४० | वस्तुगत बहुवैकल्पिक प्रश्न (MCQs) | ५ प्रश्न × १ अंक = ५ | १ घण्टा |
| ख | अंग्रेजी | ५ | | | | ५ प्रश्न × १ अंक = ५ | |
| ग | गणित | १० | | | | १० प्रश्न × १ अंक = १० | |
| घ | सामान्य ज्ञान र | ३० | | | | ३० प्रश्न × १ अंक = ३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बौद्धिक परीक्षा | | | | | | |

## लिखित परीक्षाको पाठ्यक्रम

पूर्णाङ्क: ५० समय: १ घण्टा

उत्तीर्णाङ्क: २०

### खण्ड "क" नेपाली - ५ अङ्क

**१. नेपाली व्याकरण:**

क) सामान्य नेपाली व्याकरण (काल, नाम, सर्वनाम) सम्बन्धी सामान्य जानकारी

ख) शब्दार्थ - (प्रचलित नेपाली शब्दको अर्थ)

ग) विपरीतार्थक शब्द - (प्रचलित शब्दको विपरित अर्थ)

### खण्ड ख- अंग्रेजी – ५ अंक

A) Basic Skill and knowledge in English
B) Simple sentence making
C) Word meaning
D) Matching different words acoording to their suitable words group
E) fill in the blank (Article, proposition, adjective, verbs adverbs)

### खण्ड ग – गणित -१० अंक

१) प्रतिशत, सरलीकरण, ऐकिक नियम, नाफा नोक्सान र साधारण ब्याज

### खण्ड "घ" सामान्य ज्ञान तथा बौद्धिक परीक्षण - ३० अङ्क

**क) सामान्य ज्ञान -२५ अङ्क**

a. महाकाली नगरपालिकाको भूगोग र इतिहास सम्बन्धी जानकारी
b. महाकाली नगरपालिकामा प्रचलित धर्म भाषा जातजाती र जनसंख्या सम्बन्धी ज्ञान
c. महाकाली नगरपालिकाको नगर प्रहरी ऐन २०७९ सम्बन्धी जानकारी
d. महाकाली नगरपालिकाको करार नगर प्रहरी व्यवास्थापन कार्यविधि सम्बन्धी २०७९ सम्बन्धी जानकारी
e. विपद व्यवस्थापन सम्बन्धी सामान्य जानकारी
f. महत्वपूर्ण राष्ट्रिय समसामयीक घटनाहरु

**२. सामान्य बौद्धिक परीक्षण (IQ) (५ अङ्क)**

(क) शाब्दिक तथा शाब्दिक अनुक्रम समरुपता वर्गीकरण कोडिङ डीकोडीङ मिल्दो नमिल्दो छुटयाउने दिशा र दुरी ज्ञान सम्बन्धी सामान्य परीक्षण

## नगर प्रहरी हवल्दारको पाठ्यक्रम

परीक्षाको किसिम

| क.सं. | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | | शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा | ५० | २० |
| २ | दोस्रो चरण | लिखित परीक्षा | ५० | २० |
| ३ | तेस्रो चरण | अन्तरवार्ता | ३० | - |

**१) प्रथम चरण:**

**क) प्रारम्भिक स्वास्थ्य परीक्षण:**

परीक्षामा अयोग्य हुने अवस्थाहरु,

१) आँखा + २ वा -२ भन्दा बढी कमजोर भएमा,
२) रगत परीक्षण (मधुमेह)
३) उचाई पुरुषको हकमा ५ फिट २ इन्च र महिलाको हकमा ५ फिट भन्दा कम भएमा,
४) पुरुषको हकमा छाती ३१.३३ इन्च भन्दा कम भएमा,
५) तौल पुरुषको हकमा ५० के.जि. र महिलाको हकमा ४२ के.जि. भन्दा कम भएमा,
६) बाह्य शारीरिक परीक्षण (अस्वभाविक शारीरिक बनावट भएमा)

**ख ) शारीरिक तन्दुरुस्ती परीक्षा**

**१००० मिटर दौड**

| क.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | १५० सेकेण्ड वा सो भन्दा कम | २०.०० | १८३ सेकेण्ड वा सो भन्दा कम |
| २ | १५६ सेकेण्ड सम्म | १८.०० | १९० सेकेण्ड सम्म |
| ३ | १६३ सेकेण्ड सम्म | १६.०० | १९७ सेकेण्ड सम्म |
| ४ | १७० सेकेण्ड सम्म | १४.०० | २०४ सेकेण्ड सम्म |
| ५ | १७७ सेकेण्ड सम्म | १२.०० | २१० सेकेण्ड सम्म |
| ६ | १८० सेकेण्ड सम्म | १०.०० | २१७ सेकेण्ड सम्म |
| ७ | १८६ सेकेण्ड सम्म | ८.०० | २२४ सेकेण्ड सम्म |
| ८ | १८६ सेकेण्ड भन्दा बढी | अनुत्तीर्ण | २२४ सेकेण्ड भन्दा बढी |

**पुसअप**

| क.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १०.०० | १४ पटटक वा सो भन्दा माथि |
| २ | १७ पटक सम्म | ८.०० | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ६.०० | ८ पटक सम्म |
| ४ | १० पटक सम्म | ४.०० | ४ पटक सम्म |
| ५ | १० पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ४ पटक सम्म पनि गर्न नसक्ने |

**चिन अप/ पुल अप**

| क.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | ५.०० | ३ पटक वा सो भन्दा माथि |
| २ | १० पटक सम्म | ४.०० | २ पटक सम्म |

| | | | |
|---|---|---|---|
| ३ | ८ पटक सम्म | ३.०० | १ पटक सम्म |
| ४ | ५ पटक सम्म | २.०० | ३० सेकेण्ड सम्म झुण्डिन सक्ने |
| ५ | ५ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ३० सेकेण्ड सम्म झुण्डिन नसक्ने |

**सिट अप**

| क्र.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | ५.०० | १५ पटटक वा सो भन्दा माथि |
| २ | १८ पटक सम्म | ४.०० | ११ पटक सम्म |
| ३ | १५ पटक सम्म | ३.०० | ८ पटक सम्म |
| ४ | १२ पटक सम्म | २.०० | ५ पटक सम्म |
| ५ | १२ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ५ पटक सम्म पनि गर्न नसक्ने |

**लङ जम्पः**

| क्र.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | १५ फिट वा सो भन्दा माथि | ५.०० | १२ फिट वा सो भन्दा माथि |
| २ | १४ फिट सम्म | ४.०० | ११ फिट सम्म |
| ३ | १३ फिट सम्म | ३.०० | १० फिट सम्म |
| ४ | १२ फिट सम्म | २.०० | ९फिट सम्म |
| ५ | ११ फिट सम्म | १.०० | ८ फिट सम्म |
| ६ | ११ फिट सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ८ फिट सम्म पनि गर्न नसक्ने |
| ३ तिन पटक सम्म प्रयास गर्न पाउने | | | |

**हाई जम्प**

| क्र.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | ४.५ फिट वा सो भन्दा माथि | ५.०० | ३.५ फिट |
| २ | ४.० फिट सम्म | ४.०० | ३.० फिट सम्म |
| ३ | ३.५ फिट सम्म | ३.०० | २.५ फिट सम्म |
| ४ | ३.० फिट सम्म | २.०० | २.० फिट सम्म |
| ५ | ३.० फिट सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | २.० फिट सम्म पनि गर्न नसक्ने |
| ३ तिन पटक सम्म प्रयास गर्न पाउने | | | |

नोटः कुनै पनि एक ईभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारहरुलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन ।

## २. दोस्रो चरणः

**लिखित परीक्षाको योजनाः**

| खण्ड | विषय | अंकभार | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | पत्र संख्या र अंकभार | समय |
|---|---|---|---|---|---|---|---|
| क | नेपाली | ५ | १०० | ४० | वस्तुगत बहुवैकल्पिक प्रश्न (MCQs) | ५ प्रश्न × १ अंक = ५ | १ घण्टा |
| ख | अंग्रेजी | ५ | | | | ५ प्रश्न × १ अंक = ५ | |
| ग | गणित | १० | | | | १० प्रश्न × १ अंक = १० | |
| घ | सामान्य ज्ञान र बौद्धिक परीक्षा | ३० | | | | ३० प्रश्न × १ अंक = ३० | |

**लिखित परीक्षाको पाठ्यक्रम**

पूर्णाङ्कः ५० समयः १ घण्टा
उत्तीर्णाङ्कः २०

## खण्ड "क" नेपाली - ५ अङ्क

**१. नेपाली व्याकरण:**

क) सामान्य नेपाली व्याकरण (काल, नाम, सर्वनाम) सम्बन्धी सामान्य जानकारी
ख) शब्दार्थ - (प्रचलित नेपाली शब्दको अर्थ)
ग) विपरीतार्थक शब्द - (प्रचलित शब्दको विपरित अर्थ)

## खण्ड ख- अंग्रेजी – ५ अंक

F) Basic Skill and knowledge in English
G) Simple sentence making
H) Word meaning
I) Matching different words acoording to their suitable words group
J) fill in the blank (Article, proposition, adjective, verbs adverbs)

## खण्ड ग – गणित -१० अंक

क) प्रतिशत
ख) सरलीकरण
ग) एकीक नियम
घ) नाफा नोक्सान र साधारण व्याज

## खण्ड "घ" सामान्य ज्ञान तथा बौद्धिक परीक्षण - ३० अङ्क

**ख) सामान्य ज्ञान -२५ अङ्क**

a. नेपालको संविधान
b. नेपालको भूगोल, इतिहास र धर्म संस्कृति सम्बन्धी सामान्य जानकारी
c. महाकाली नगरपालिकाको भूगोग र इतिहास सम्बन्धी जानकारी
d. महाकाली नगरपालिकामा प्रचलित धर्म भाषा जातजाती र जनसंख्या सम्बन्धी ज्ञान
e. महाकाली नगरपालिकाको नगर प्रहरी ऐन २०७९ सम्बन्धी जानकारी
f. महाकाली नगरपालिकाको करार नगर प्रहरी व्यवास्थापन कार्यविधि सम्बन्धी २०७९ सम्बन्धी जानकारी
g. ट्राफिक सम्बन्धी - (ट्राफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम
h. विपद व्यवस्थापन सम्बन्धी जानकारी (विपदको परिचय, विपद तयारी, विपद उद्धार, राहत र पुनर्स्थापना)
i. फोहोरमैला व्यवस्थापन सम्बन्धी जानकारी
j. महत्वपूर्ण राष्ट्रिय समसामयीक घटनाहरु

**२. सामान्य बौद्धिक परीक्षण (IQ) (५ अङ्क)**

२.१ शाब्दिक तार्किक/चातुर्यता परीक्षणमा बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, आदि विाष्यवस्तुबाट प्रशनहरु समावेश गरिनेछ ।

२.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम, समरुपता, वर्गीकरण, आदि विषयवस्तुबाट प्रशनहरु समावेश गरिनेछ ।

२.३ अशाब्दिक तार्किक परीक्षणमा अनुक्रम, समरुपता, एकरुपता आदि विषयवस्तुबाट प्रशनहरु समावेश गरिनेछ ।

अनुसूची ४

दफा ८ को (ग) सँग सम्बन्धित

महाकाली नगरपालिका दार्चुला

करार नगर प्रहरी छनौट सूचनाको ढाँचा

## नगर प्रहरी भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति ........

महाकाली नगर पालिकामा नगर प्रहरी तर्फ प्रहरी सहायक निरीक्षक, प्रहरी हवलदार र प्रहरी जवान पदहरूमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ती गर्नु पर्ने भइकोले देहाय बमोजिमको योग्यता पुगेका महाकाली नगरको स्थायी बासी नेपाली नागरिकहरूबाट रु -१०। .को टिकट टाँसी दरखास्त आव्हान ग (स्वयख उपस्थि भई)रिन्छ ।

**१-; आवश्य माग पद संख्या.**

| क्र.सं. | बिज्ञापन नं. | पद | खुला | समावेशी | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | महिला | दलित | |
| १ | | प्रहरी सहायक निरीक्षक | | | | |
| २ | | प्रहरी हवलदार | | | | |
| ३ | | प्रहरी जवान | | | | |

२. दरखास्त फाराम दर्ता मितिः

३. दरखास्त राजश्वः-

| क्र.सं. | पद | राजस्व |
|---|---|---|
| ११ | प्रहरी सहायक निरीक्षक | दरखास्त फाराम साथ राजस्व दस्तुर बापत रु ५००।- (पाँच सय रुपैयाँ) बुझाउनु पर्नेछ । |
| २२ | प्रहरी हवलदार | दरखास्त फाराम साथ राजस्व दस्तुर बापत रु. ४००।- (चार सय रुपैयाँ) बुझाउनु पर्नेछ । |
| ३३ | प्रहरी जवान | दरखास्त फाराम साथ राजस्व दस्तुर बापत रु. ३००।- (तिन सय रुपैयाँ) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि १००।- (रु. एक सय) का दरले थप दस्तुर लाग्नेछ । |

४. आवश्यक न्यूनतम योग्यता र उमेरको हद;-

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| ११ | प्रहरी सहायक निरीक्षक | १. नेपाली नागरिक ।<br>२. महाकाली नगरपालिकाको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ।<br>३. योग्यताः नेपाली सेना, सशस्त्र प्रहरी वा जनपद प्रहरीको हवलदार वा सहायक निरीक्षक पदबाट अकास प्राप्त व्यक्ति हुनु पर्नेछ । |

| | | |
|---|---|---|
| | | ४. दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म ४८ वर्ष ननाघेको हुनु पर्नेछ ।<br>५. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।<br>६. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाण पत्र भएको । |
| २ | प्रहरी हवलदार | १. नेपाली नागरिक ।<br>२. महाकाली नगरपालिकाको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ।<br>३. योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको ।<br>४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।<br>५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाण पत्र भएको । नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,<br>६. उचाइ, छाती र तौल ;पुरुष - उचाइ घटीमा ५ फिट २ इन्च, छाती- ३१-३३, तौल- ५० के.जी. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>७. नेपाली सेना, सशस्त्र प्रहरी वा जनपद प्रहरी सेवामा बहालवाला वा अवकाश प्राप्त वा राजीनामा दिई उपदान लिएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।<br>८. दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भइ ४० वर्ष ननाघेको हुनु पर्नेछ । |
| ३ | प्रहरी जवान | १. नेपाली नागरिक ।<br>२. महाकाली नगरपालिकाको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ।<br>३. योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको ।<br>४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।<br>५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाण पत्र भएको ।<br>६. दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भइ ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।<br>७. उचाई, छाती र तौल ; पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती- ३१-३३, तौल- ५० के.जी. महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. ।<br>८. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको, |

५. दरखास्त साथ समावेश गर्नु पर्ने कागजातहरू ;-

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि १ (एक) थान ।

(ख) हाल सालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रस्ट देखिने एकै किसिमको पासपोर्ट साईजको फोटो

(पुरुषको हकमा दाह्री र कपाल काटेको) २ प्रति ।

(क) दरखास्त फाराम सँग संलग्न गरी पेश गर्ने कागजातहरूको प्रतिलिपिको पछाडि पट्टि सक्कल बमोजिम नक्कल ठीक छ भनी उम्मेदवार स्वयंले अनिवार्य रूपमा दस्तखत गर्नु पर्नेछ ।

<u>६. परीक्षा विधि:-</u>

(क) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा,

(ख) स्वास्थ्य परीक्षण,

(ग) लिखित परीक्षा

a. वस्तुगत बहु उत्तर प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरिने व्यहोरा जानकारी गराइनेछ ।

b. वस्तुगत बहु उत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter)) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

(घ) अन्तर्वार्ता

<u>७. परीक्षा सञ्चालन हुने स्थानः- महाकाली नगरपालिकाको सभा हल ।</u>

**पुनश्चः**

१. हरेक चरणको परीक्षाको समाप्ति पश्चात नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरूलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

२. परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा सञ्चालन गरिनेछ र निजहरूले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरू बीच छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

अनुसूची ५
दफा ८ को (ग) सँग सम्बन्धित
करार सम्झौट्टा ढाँचा

महाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ................. जिल्ला, ............... नगरपालिका/गाउँपालिका, वडा नं ........... बस्ने श्री ................................ यस पछि दोश्रो पक्ष भनिएको) का बीच .................... महाकाली नगरपालिकाको ........................... (पद) को कामकाज गर्न गराउन मिति ...........।.....।......को निर्णयअनुसार देहायका कार्य/शर्तको अधिनमा रही दाश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझिलियौ दियौ ।

कामकाज सम्बन्धमा : दोश्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पनेछ ।

**काम गर्नु पर्ने स्थान** : महाकाली नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा खटाएको अन्य स्थानमा ।

**करारमा काम गरे वापत पाउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. .............।- (अक्षरेपी ................................ ) पारिश्रमिक उपलब्ध गराउनेछ ।

आचारणको पालना : दोश्रो पक्षले महाकाली नगरपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचारण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

**विदा** : दोश्रो पक्षलाई सार्वजनिक बिदा बाहेक प्रत्येक महिनाको एक दिनका दरले भैपरी विदा उपलब्ध हुने छ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए वापत सट्टा बिदा दिन सकिनेछ । वार्षिक रुपमा करारको समाप्तिसँगै सञ्चित सट्टा विदा बापत मासिक करार रकमको दामासाहीले दोश्रो पक्षलाई दिईनेछ ।

कार्यालय सम्पत्तिको सुरक्षा : दोश्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पनेछ ।

**गोप्यता :** दोश्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोश्रो पक्षलाई करारबाट हटाई सो बाट भएको हानी नोक्सानी क्षतिपुर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

**करार अवधि :** यो करार मिति .........।....।... देखि लागू भई मिति .........।....।... सम्मको लागि हुनेछ ।

कार्यसम्पादन मूल्याङ्कन : पहिलो पक्षले दोश्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १३ (ङ) बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

**पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य :** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७(सात) दिनभन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचारण सम्बन्धि कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसँगको सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।

**दावी नपुग्ने :** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागी दाबी गर्न पाउने छैन/गर्ने छैन ।

**प्रचलित कानून लागू हुने :** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

महाकाली नगरपालिकाको तर्फबाट
हस्ताक्षर :
नाम :
पद :

दोश्रो पक्ष (करार गर्ने व्यक्ति)
हस्ताक्षर :
नाम :
ठेगाना :

मिति : / /

प.सं. :
च.नं. :
श्री ......................................,
ठेगाना ......................................... ।

बिषय : करार सम्बन्धमा ।

महाकाली नगरपालिकाको करार नगर प्रहरी पदपूर्ति छनौट समितिको मिति ......... निर्णयानुसार बमोजिम तपाईलाई.................. (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति ............ देखि ............ सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारिपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराईन्छ । साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना हुन जानकारी गराईन्छ ।

बोधार्थ :
श्री .............................. , (आवश्यकता अनुसार दिने)

प्रमुख प्रशासकीय अधिकृत